रोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम
कोशी प्रदेश, नेपाल

अध्यक्ष – ९८५२६७८७३२
उपाध्यक्ष - ९८४४६३१५१७
प्र.प्र.अ. – ९८५२६४२०२०

## कार्यपालिकाको बैठकको उपस्थिती पुस्तिका

आ.ब. २०८१/०८२

मिति: २०८१/०६/२२ गते

बैठक संख्या: ०३-२०८१/०८२ स्थान: गाउँ कार्यपालिकाको कार्यालय अध्यक्षता: श्री मनि कुमार स्याङ्बो

| क्र.स. | पद | नामथर | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | अध्यक्ष | श्री मनि कुमार स्याङ्वो | ९८५२६७८७३२ | |
| २ | उपाध्यक्ष | श्री बिष्णुमाया खबास | ९८४४६३१५१७ | |
| ३ | १ नं. वडाध्यक्ष | श्री मनोहरी खड्का | ९८५२६४०५७० | |
| ४ | २ नं. वडाध्यक्ष | श्री चन्द्र शेखर धिमिरे | ९८१६९५३४९३ | |
| ५ | ३ नं. वडाध्यक्ष | श्री मातृका बसल | ९८४२६२४११४ | |
| ६ | ४ नं. वडाध्यक्ष | श्री राज कुमार लाप्चा | ९८१४०४०२९४ | |
| ७ | ५ नं. वडाध्यक्ष | श्री दल बहादुर पुलामी | ९८४१७००३४० | |
| ८ | ६ नं. वडाध्यक्ष | श्री सत्यम राई चौरासे | ९८६४६११२३२ | |
| ९ | सदस्य | श्री नानु तामाङ | ९८१४९१२२३१ | |
| १० | सदस्य | श्री मिनादेवी तामाङ | ९८२४९६७९६२ | |
| ११ | सदस्य | श्री लक्ष्मी नेपाली | ९८१४०८७४७१ | |
| १२ | सदस्य | श्री इन्दिरा देवी विश्वकर्मा | ९८०४९२९०९९ | |
| १३ | सदस्य | श्री युवराज खामुवा राई | ९८४२६६८३१४ | |
| १४ | सदस्य | श्री दया कुमारी दियाली | ९८१६०३२६०७ | |
| १५ | सचिव | श्री अनिल तिखत्री | ९८५२६४२०२० | |
| १६ | आमन्त्रित | श्री नारायण अर्याल | ९८५२६४४६९९ | |
| १७ | " | मनिष कटुवाल | | |

रोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

( अध्यक्ष – ९८५२६७८७३२
( उपाध्यक्ष - ९८४४६३१५१७
( प्र.प्र.अ. – ९८५२६४२०२०

## कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

बैठक संख्याः ०३-२०८१\०८२ उपस्थित संख्या: १६

स्थान: गाउँ कार्यपालिका कार्यालय

अध्यक्षता: मनि कुमार स्याङ्वो, अध्यक्ष, रोङ गाउँपालिका

मिति: २०८१/०६/२३ गते बुधबार

समय: ११ बजे

<table>
<tr><th>क्र.स.</th><th>प्रस्तावहरु</th><th>निर्णयहरु</th><th>जिम्मेवार व्यक्ति/निकाय</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>समिक्षा सम्बन्धमा।</td><td>यस कार्यपालिकाबाट यस आ.व. २०८१/०८२ मा यस अघि गरिएको विभिन्न निर्णयहरुको कार्यान्वयन सम्बन्धमा प्रत्येक वडाको वडा अध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत र अन्य शाखाको शाखा प्रमुखहरुले जानकारी गराउनु भयो। विगतको समयमा गरेको निर्णयहरुको कार्य सम्पादन सन्तोष जनक रहेको पाइयो। साथै प्रत्येक वडाको वडा अध्यक्ष ज्यूहरुले आ-आफ्नो वडामा सञ्चालन गरिएको र आगामी दिनमा सञ्चालन गरिने योजनाहरुको जानकारी गराउनु भयो। गाउँपालिका कार्यालय, वडा कार्यालय, स्वास्थ्य चौकीहरुको कार्यहरु समग्रमा सन्तोष जनक रहेको जानकारी प्राप्त भयो।</td><td></td><td></td></tr>
<tr><td>२</td><td>सडक बोर्डको योजना सञ्चालन गर्ने सम्बन्धमा।</td><td>यस गाउँपालिकामा सडक बोर्डको च.नं. ४३९, मिति २०८१/०६/१३ गतेको प्राप्त पत्रानुसार चालु आ.व. २०८१/०८२ मा स्थानीय सडक मर्मत संभार कार्यको लागि रु. १९,००,०००/- (उन्नाइस लाख मात्र) प्राप्त बजेटबाट देहाय बमोजिमको आयोजना सञ्चालन गर्ने सर्वसहमतिले निर्णय गरियो।<br>देहायः
<table>
<tr><th>सि.नं.</th><th>आयोजनाको नाम</th><th>ठेगाना</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>गौडा-प्युरे सडक योजना</td><td>रोङ-४, इलाम</td><td></td></tr>
</table></td><td></td><td></td></tr>
<tr><td>३</td><td>तालिम सञ्चालन गर्ने सम्बन्धमा।</td><td>यस गाउँपालिकामा विगतको आ.व.मा सञ्चालन गरिएको तालिमबाट भएको उपलब्धी, तालिम लिएको व्यक्तिहरुले लिएको तालिमको अवस्था, तालिम सामाग्रीको अवस्था तथा सञ्चालन सम्बन्धमा उद्यम विकास शाखाले सर्वे गरी प्रतिवेदन पेश गर्ने सर्वसहमतिले निर्णय गरियो।<br>यस गाउँपालिका भित्रको विभिन्न वडामा च्याब्रुङ, नौमतिबाजा, उद्घोषण तालिम सञ्चालन गर्ने साथै अन्य</td><td>उद्यम विकास शाखा</td><td></td></tr>
</table>

रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

अध्यक्ष – ९८५२६७८७३२
उपाध्यक्ष - ९८४४६३१५१७
प्र.प्र.अ. – ९८५२६४२०२०

## कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

स्थान: गाउँ कार्यपालिका कार्यालय

बैठक संख्या: ०३-२०८१\०८२ उपस्थित संख्या: १६ अध्यक्षता: मनि कुमार स्याङ्वो, अध्यक्ष, रोङ गाउँपालिका

मिति: २०८१/०६/२३ गते बुधबार
समय: ११ बजे

<table>
<tr><td></td><td></td><td>तालिमको लागि ७ दिनको सूचना प्रकाशित गरी आवेदन फारम संकलन गर्ने र व्यवसायिक कार्ययोजना बनाई विभिन्न सहयोगी संस्थाहरुको सहयोगमा तालिम सञ्चालन गर्ने र नपुग बजेट गाउँपालिकाबाट व्यवस्थापन गर्ने सर्वसहमतमिले निर्णय गरियो ।</td><td></td><td></td></tr>
<tr><td>४</td><td>रोङ गुरु किसान सम्बन्धमा ।</td><td>यस गाउँपालिका भित्रको सम्पूर्ण वडाहरुमा गुरु किसान छनौट प्रकृया सम्पन्न भइसकेको र छनौट हुनु भएका गुरु किसानहरुलाई पहिलो चरणमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गर्ने र अन्य कार्यविधि बमोजिमको कार्यक्रम क्रमश गर्दै जाने सर्वसहमतिले निर्णय गरियो ।</td><td>कृषि विकास शाखा / पशु सेवा शाखा</td><td></td></tr>
<tr><td>५</td><td>अनुगमन प्रतिवेदन पेश गर्ने सम्बन्धमा ।</td><td>यस गाउँपालिका भित्र सञ्चालन हुने विभिन्न योजना तथा कार्यक्रमको अनुगमन र निरिक्षण गर्ने जिम्मेवारी प्रचलित कानून बमोजम निर्वाचित जनप्रतिनिधिहरुमा रहेकोले यस गाउँपालिकामा रहनुभएको जनप्रतिनिधिहरुले गाउँपालिका भित्र विभिन्न कार्यक्रम, आयोजना अनुगमन निरिक्षण गर्न जानु हुँदा त्यस कार्यक्रम, आयोजनाहरुको अनिवार्यरुपमा अनुगमन प्रतिवेदन पेश गर्ने सर्वसहमतिले निर्णय गरियो ।</td><td>वडा कार्यालय, आर्थिक प्रशासन शाखा, योजना तथा अनुगमन शाखा</td><td></td></tr>
<tr><td>६</td><td>रोङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि, २०७४ संशोधन सम्बन्धमा ।</td><td>यस गाउँपालिकाको "रोङ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४" मा भएको व्यवस्थामा देहाय बमोजिम संशोधन गर्ने सर्वसहमतिले निर्णय गरियो ।<br>देहाय:
<table>
<tr><th>दफा</th><th>भएको व्यवस्था</th><th>परिवर्तन गरी राख्ने वा थप गर्ने व्यवस्था</th><th>कैफियत</th></tr>
<tr><td>दफा २ को (क)</td><td>"अध्यक्ष" भन्नाले गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।</td><td>"अध्यक्ष" भन्नाले रोङ गाउँपालिकाको अध्यक्ष सम्झनु पर्दछ ।</td><td>संशोधन</td></tr>
</table></td><td>कर्मचारी प्रशासन शाखा</td><td></td></tr>
</table>

रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

अध्यक्ष – ९८५२६७८७३२
उपाध्यक्ष - ९८४४६३१५१७
प्र.प्र.अ. – ९८५२६४२०२०

## कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२ | स्थान: गाउँ कार्यपालिका कार्यालय | मिति: २०८१/०६/२३ गते बुधबार

बैठक संख्या: ०३-२०८१\०८२ | उपस्थित संख्या: १६ | अध्यक्षता: मनि कुमार स्याङ्वो, अध्यक्ष, रोङ गाउँपालिका | समय: ११ बजे

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दफा २ को (घ) | "कार्यालय" भन्नाले गाउँ कार्यपालिका कार्यालय सम्झनु पर्दछ। | "कार्यालय" भन्नाले रोङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ। | संशोधन | | |
| | | दफा २ को (च) | "समिति" भन्नाले दफा ५ बमोजिम गठित अन्तर्वार्ता तथा सूचीकरण समिति सम्झनु पर्दछ॥ | "समिति" भन्नाले दफा ५ बमोजिम गठित "पदपुर्ती समिति" सम्झनु पर्दछ। | संशोधन | | |
| | | दफा २ को (छ) | — | परीक्षा" भन्नाले दफा ५ बमोजिम गठित समितिले लिने लिखित, प्रयोगात्मक र अन्तर्वार्ता लगायत आवश्यक अन्य परीक्षा सम्झनु पर्दछ। | थप गर्ने | | |
| | | दफा ४ को उपदफा ३ | उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५ को समितिले मूल्याङ्कन गरी सुचीकृत गर्नुपर्नेछः | उपदफा (१) बमोजिम पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ५ बमोजिमको समितिले मूल्याङ्कन गरी छोटो सूची (Short List) प्रकाशन गर्नु पर्नेछ : | संशोधन | | |
| | | दफा ४ को उपदफा ३ को बुदाँ नं. (क) | | GPA भएको प्रमाणपत्रमा GPA बमोजिमको अंक प्रदान गर्ने। (छलफल गरेर) | थप गर्ने | | |

रोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

अध्यक्ष – ९८५२६७८७३२
उपाध्यक्ष - ९८४४६३१५१७
प्र.प्र.अ. – ९८५२६४२०२०

## कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

स्थान: गाउँ कार्यपालिका कार्यालय

मिति: २०८१/०६/२३ गते बुधबार

बैठक संख्या: ०३-२०८१\०८२ उपस्थित संख्या: १६ अध्यक्षता: मनि कुमार स्याङ्वो, अध्यक्ष, रोङ गाउँपालिका

समय: ११ बजे

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दफा ४ को उपदफा ३ को बुदाँ नं. (ख) | कार्य अनुभव वापत- १० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने ।) | कार्य अनुभव वापत- १० (दश) अंक (प्रति वर्ष २ अंकको दरले, संम्बन्धित पद, सेवामा कार्य गरेको प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने ।) | संशोधन | | |
| | | दफा ४ को उपदफा ५ | | उपदफा (३) बमोजिम मुल्यांकन गर्दा न्युनतम ५० प्रतिशत अंक प्राप्त गर्ने आवेदनकर्तालाई मात्र दफा ६ बमोजिमको समितिले लिने परीक्षामा समावेश गराइनेछ । | थप गर्ने | | |
| | | दफा ४ को उपदफा ६ | | पदपुर्ती समितिले परीक्षा संचालन गर्दा देहाय वमोजिमको व्यवस्था लागु गर्नु पर्नेछ ।<br>(क) परीक्षाको पाठ्यक्रम, परीक्षा पद्वति तथा अंकभार संवन्धित पदको लागि लोक सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।<br>(ख) परीक्षाको मिति विज्ञापन प्रकाशित गर्दा नै उल्लेख गरेको हुनु पर्दछ ।<br>(ग) परीक्षाको प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिका जाँच तथा अन्तार्वार्ताको लागि समितिले विषय विशेषज्ञलाई आमन्त्रण गर्न सक्नेछ । तर कार्यालयमा वा समितिमा संवन्धित पदभन्दा माथिल्लो पदको | थप गर्ने | | |

रोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

अध्यक्ष – ९८५२६७८७३२
उपाध्यक्ष - ९८४४६३१५१७
प्र.प्र.अ. – ९८५२६४२०२०

# कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२ | स्थान: गाउँ कार्यपालिका कार्यालय | मिति: २०८१/०६/२३ गते बुधबार

बैठक संख्या: ०३-२०८१\०८२ | उपस्थित संख्या: १६ | अध्यक्षता: मनि कुमार स्याङ्वो, अध्यक्ष, रोङ गाउँपालिका | समय: ११ बजे

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | कर्मचारी उपलव्ध भएमा सोही कर्मचारी बाट प्रश्नपत्र निर्माण तथा उत्तरपुस्तिका जाँच गरिनेछ।<br>व्याख्या: दफा ४ को उपदफा ६ (ग) को प्रयोजनको लागि विषय विशेषज्ञ भन्नाले संवन्धित पदमा लोक सेवा आयोगद्वारा सिफारिस भएको कर्मचारी वा सो भन्दा माथिल्लो पदको स्थायी कर्मचारीलाई सम्झनु पर्दछ।<br>(घ) परीक्षा संचालन संवन्धि अन्य व्यवस्था समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ। | | | |

रोङ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

अध्यक्ष – ९८५२६७८७३२
उपाध्यक्ष - ९८४४६३१५१७
प्र.प्र.अ. – ९८५२६४२०२०

## कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२

स्थान: गाउँ कार्यपालिका कार्यालय

मिति: २०८१/०६/२३ गते बुधबार

बैठक संख्याः ०३-२०८१\०८२    उपस्थित संख्या: १६    अध्यक्षता: मनि कुमार स्याङ्वो, अध्यक्ष, रोङ गाउँपालिका    समय: ११ बजे

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | दफा ५ | दफा ५ को व्यवस्थालाई हटाउने | ५. परीक्षा समितिः (१) माग पद संख्याका आधारमा कार्यविधिको दफा (५) को उपदफा (४) बमोजिमका उम्मेदवारलाई परीक्षा संचालन गरी उर्तिर्ण उम्मेदवारलाई नियुक्तिको सिफारिस गर्न देहायको परीक्षा समिति रहनेछः<br>(क) प्रमुख प्रशासकीय अधिकृत- संयोजक<br>(ख) गाउँपालिकाको विषयगत शाखा प्रमुख - सदस्य<br>(ग) गाउँपालिकाको कर्मचारी प्रशासन शाखा प्रमुख - सदस्य सचिव | संशोधन | | |
| ७ | सडक बत्ति र पार्किङ्ग व्यवस्थापन | यस गाउँपालिका वडा नं. ३ स्थित पाथिभरा मन्दिर प्रवेशद्वार समेत रहेको हाँसपोखरी क्षेत्रमा भक्तजनहरुको घुइँचो लाग्ने र सवारीसाधनहरुको व्यवस्थित पार्किङ्ग नभएकोले सवारीसाधन आगमन र भक्तजनहरुलाई पनि आवतजावत गर्न समस्या भएकोले त्यस क्षेत्रमा निर्माणाधिन माथिल्लो पार्किङ्कमा मन्दिर आउने भक्तजनहरुको सवारीसाधन निःशुल्क पार्किङ्ग गर्न अनुमति प्रदान गर्ने साथै हाँसपोखरी क्षेत्र धार्मिक तथा पर्यटकीय स्थल भएकोले रातको समयमा अन्धकार हुने भएकोले प्राविधिक लागत अनुमान बमोजिम त्यस क्षेत्रमा सडक बत्तीको व्यवस्थापन गर्ने सर्वसहमतिले निर्णय गरियो । | | | | योजना शाखा, प्राविधिक शाखा | |

रोङ गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
पहरीगाउँ, इलाम, कोशी प्रदेश, नेपाल

अध्यक्ष – ९८५२६७८७३२
उपाध्यक्ष - ९८४४६३१५१७
प्र.प्र.अ. – ९८५२६४२०२०

## कार्यपालिकाको बैठकको निर्णय पुस्तिका

आ.व. २०८१/०८२ | स्थान: गाउँ कार्यपालिका कार्यालय | मिति: २०८१/०६/२३ गते बुधबार

बैठक संख्याः ०३-२०८१\०८२ | उपस्थित संख्या: १६ | अध्यक्षता: मनि कुमार स्याङ्वो, अध्यक्ष, रोङ गाउँपालिका | समय: ११ बजे

| | | | | |
|---|---|---|---|---|
| ८ | तितेकरेला ब्रान्डिङ कार्यक्रम संचालन सम्बन्धमा | प्रस्तुत विषयमा रोङ गाउँपालिका वडा नं. ०३ स्थित अर्याल चोक खाद्य प्रशोधन उद्योगले यस अघिबाट नै तितेकरेला प्रशोधन तथा ब्रान्डिङ सम्बन्धि कार्य संचालन गर्दै आएकोमा सो उद्योग लाइ ७५% अनुदानमा करेला चपिङ मेशिन प्याकिङ प्लाष्टिक र स्टिकर सामाग्री सहयोग गर्ने सर्वसहमतिले निर्णय गरियो । | कृषि विकास शाखा | |
| ९ | कफि खेति प्रवर्दन कार्यक्रम सञ्चालन सम्बन्धमा | प्रस्तुत विषयमा रोङ गाउँपालिका भित्र उत्पादित कफिको बजारीकरणका लागि स्थानीय कफी व्यवसायीलाइ प्रवर्दन गर्ने लक्ष्य बमोजिम रोङ ४ स्थित कफी ब्यवसायी राजविर राई र रोङ २ स्थित कफी व्यवसायी दिननाथ घिमिरे लाई ७५% अनुदानमा १/१ थान कफि पल्पर मेशिन सहयोग गर्ने सर्वसहमतले निर्णय गरियो । | कृषि विकास शाखा | |